Volume 2

# Annex 2.1f: MoU signed with FNCCI, Surkhet, Karnali Province

# मध्यपश्चिमाञ्चल विश्वविद्यालय

## स्कुल अफ म्यानेजमेन्ट (मुसोम) र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका विचमा भएको समझदारी पत्र ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्वन्धी नियमावली, २०७५ को परिच्छेद २ को दफा ८ र ९ बमोजिमको व्यबस्था हुने गरी आर्थिक स्रोतको खोजी, व्यबस्थापन, कर्णाली क्षेत्रमा रहेका निजी उद्यमी एवम् व्यवसायीहरु संग व्यवसायिक सम्भाव्यताको पहिचान गरी यो क्षेत्रमा रहेका सम्भाव्य उत्पादनको पहिचान गर्दै त्यसको व्यवस्थित लगानी गर्ने र बजारीकरण गर्ने सहयोग गर्नका लागी मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश सहमत भई निम्न अनुसारको समझदारी पत्रमा स्विकृति जनाउदँछौ । समझदारी पत्रमा हस्ताक्षर पश्चात निम्न अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ ।

१. मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) तथा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशले कर्णाली प्रदेशमा रहेका व्यवसायीहरुको क्षमता अभिवृद्धिका लागी आवश्यक तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

२. मुसोम तथा नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको सहकार्यमा भईरहेका तथा नयाँ वस्तुको वजार सम्भाव्यतामा अध्ययन तथा वजार विस्तार अनुसन्धान गर्ने ।

३. कर्णाली प्रदेशमा आयात-निर्यात हुने वस्तुहरुको अभिलेखिकरण गर्ने ।

४. कर्णाली प्रदेशकामा रहेका उद्योगहरुको तथ्यांक तयार गरि प्रविधि, कच्चा पदार्थ र बजार पहिचान गरी कार्यक्रम संचालन गर्ने ।

५. कर्णाली प्रदेशमा उत्पादन भईरहेका र नयाँ सम्भाव्य वस्तुहरु (उत्पादन हरुको) पहिचान गर्दै कर्णाली प्रदेश भित्रका सम्पूर्ण स्थानिय तह समेतका उत्पादनको अभिलेख तयार गरी कर्णाली प्रदेशको व्यवसायिक क्षेत्रको तत्थ्यांक (डाटा वेस) तयार गर्ने र सरोकारवाला संस्थालाई उपलब्ध गराउने ।

६. कर्णाली प्रदेशमा उद्यमशिलताको तथा विभिन्न प्रकारका व्यवसायरुको विकासका लागि सहकार्य गर्ने ।

७. व्यवसायिक सर्भे गरि त्यसवाट आएका समस्या र उपायहरुको पहिचान गरी आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

८. रोजगारीका अवसर भएका क्षेत्रहरु पहिचान गर्ने र उक्त क्षेत्रहरुमा मुसोम वाट उत्पादित जनशक्तिलाई रोजगारीका लागि सहकार्य गर्ने ।

Mid-Western University School of Management

नेपाल उद्योग वाणिज्य महासंघ
वि.सं. २०२२
नेपाल

९. कर्णाली प्रदेशमा रहेका व्यवसायहरुको दिगो विकासका लागी यस प्रदेशमा भएका उत्पादनको पहिचान गरी वस्तुको विकास तथा मुल्यश्रृंखला (Value Chain) तथा वस्तु सेवाको बजारीकरणका लागी संयूक्त रुपमा परियोजना सञ्चालन गर्ने ।

१०. मुसोमले कर्णाली प्रदेशमा रहेका उद्योग वाणिज्य संघ तथा सो संग आवद्ध उद्यमीहरुलाई परामर्श सेवा (Consultant Service) उपलब्ध गराउने ।

११. हाल मुसोममा अध्यनरत विद्यार्थीहरुलाई इर्न्टनसिप र रोजगारीका लागि सहकार्य गर्ने ।

१२. नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश र मुसोम ले संयुक्त रुपमा कार्यक्रम तथा परियोजनाको अनुगमन गर्ने र समयानुसार कार्यक्रम थप गर्दै सहकार्य गर्ने ।

१३. कर्णाली प्रदेशको वातावरणीय अवस्था विग्रन नदिनका लागि आवश्यक परियोजना वनाई यथासक्य काम अगाडि वढाउने ।

१४. यस क्षेत्रमा रहेका जलाधार क्षेत्र, हिमनदि ताल तलैया, स-साना नदि, सिमसार क्षेत्र, जडिबुटी नेसनल पार्कहरुको अवस्था पहिचान गर्ने , उत्पादन बृद्धि गर्ने र स्वच्छता बचाउन आवश्यक भुमिका खल्ने ।

१५. उद्योग वाणिज्य क्षेत्रमा आएका नितिगत तथा व्यवहारिक समस्या पहिल्याई नितिगत तहमा सुधार गर्न आवश्यक काम गर्ने ।

१६. सम्झौता गरिएका कार्यक्रमहरु संचालन गर्न मुसोम र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशको सल्लाह बमोजिम कार्यक्रम तयारी तथा संचालन गर्नका लागि ५ सदस्यीय समिति गठन गर्ने ।

१७. समय अनुसार अन्यकार्यका लागि सहकार्य गर्ने ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय मुसोम र नेपाल उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश विचको सम्झौता अवधि ५ वर्षका लागि हुने छ ।

| | |
|---|---|
| ............................ | ............................ |
| डा. सुशिल कुमार शाही | श्री पदम बहादुर शाही |
| निर्देशक | अध्यक्ष |
| मुसोम | नेपाल उद्योग वाणिज्य महासंघ |
| | कर्णाली प्रदेश, सुर्खेत |

Mid-Western University School of Management (MUSOM) Surkhet, Nepal

नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश वि.स. २०२२ नेपाल

मिति : २०७७ साल चैत्र ०७ गते ।